# जिज्ञासा र सुझाव

श्रीमान सम्पादक ज्यू,
हाम्रो वन सम्पदा
काठमाडौं ।

सर्वप्रथम "हाम्रो वन सम्पदा" को सम्पादक मण्डललाई हार्दिक धन्यवाद टक्रयाउन चाहन्छु किन कि यो पत्रिकाले वन सम्बन्धी विभिन्न ज्ञानबर्धक कुराहरुको जानकारी दिन सकेको छ । साझेदारी वन व्यवस्थापनको सवल र दुर्बल पक्षबारे जानकारी गराउने कुरामा पहाडबाट भर्खर सरुवा भएका सम्पूर्ण वनबन्धु साथीहरुको लागि यो पत्रिका उत्कृष्ट सावित हुन पुगेको छ । यसलाई अझ राम्रो बनाउनको लागि निम्न लिखित कुरामा ध्यान दिनु पर्ने देखिन्छ ।

नेपाललाई अध्ययन क्षेत्र बनाउने अनुसन्धानकर्ताहरुको संख्यामा निरन्तर वृद्धि हुँदैछ । अहिले त्रिभुवन विश्वविद्यालयमा विभिन्न १५ देशका ५७ जना अनुसन्धानकर्ताहरु नेपालमा विभिन्न विषयमा अनुसन्धान गर्दैछन् जसमध्ये सामाजशास्त्र र मानवशास्त्रसँग सम्बन्ध राखि अनुसन्धान गर्ने अनुसन्धाकर्ताहरु १० जना छन् । त्यसैगरी भारत को Deemed University (Forestry) सँग सम्बन्धित भएर १५७ जनाले PhD अथवा अनुसन्धान गरी रहेका छन् । ती अनुसन्धानकर्ताहरु धेरै हदसम्म नेपालको वन क्षेत्रमा भएका अभ्यास हेर्न वा बुझ्न चाहेको देखिन्छ । त्यसर्थ उनीहरुको हितलाई बिचार गर्दा यो पुस्तकमा भएको सामाग्रीहरु अंग्रेजीमा हुनुपर्ने देखिन्छ वा अंग्रेजीमा नै Internet मा उपलब्ध हुनुपर्ने देखिन्छ ।

रेन्जर राज कुमार ठाकुर
जिल्ला वन कार्यालय, रौतहट
दुधियाबा रेन्जपोस्ट
हिमालीबास

---

श्रीमान सम्पादक ज्यू,

प्रथमतः 'हाम्रो वन सम्पदा' चौमासिक पत्रिकालाई हार्दिक धन्यवाद दिन चाहन्छु किनभने हामी जस्ता सा.व.उपभोक्ता समूहमा काम गर्ने वन कार्यकर्ताहरुका लागि बदलिँदो परिवेश अनुसारका प्राकृतिक स्रोत सम्बन्धी विविध जानकारी पाउनुको साथै सामुदायिक वनमा देखिएका सवालहरुको अध्ययन गर्न पाउँदा ज्यादै खुसी लाग्यो ।

सामुदायिक वनमा देखिएका सवालहरुलाई समेटेर गरिबी सम्बन्धी कुराहरुलाई बिश्लेषण गरिएको 'हाम्रो वन सम्पदा' को वर्ष २ अङ्क १ पढेपछि यसबाट सा.व. समूहहरुमा स्रोतको बाँडफाँट न्यायोचित हिसाबले हुन सके गरिबी निवारणमा ठूलै टेवा पुग्ने र सामुदायिक वन गरिबमूखी हुन सक्ने महशुस भयो । साथै आगामि अङ्कहरुमा पनि यस्ता विषयको विषेश स्थानको अपेक्षा गर्दछु । अन्त्यमा वनस्पति परिचय नामक स्तम्भ आफूलाई ज्यादै मन परेको र यस्ता उपयोगी स्तम्भहरु निरन्तर प्रकाशित भइरहने आशा गर्दछु ।

राम प्रसाद न्यौपाने
सामाजिक कार्यकर्ता
नेपालगञ्ज

---

'हाम्रो वन सम्पदा' पत्रिकालाई माया गरी सुझाव पठाउनु हुने सम्पूर्ण पाठकहरुलाई धन्यवाद दिन चाहन्छौं । साथै हाम्रो अर्को प्रकाशन Journal of Forest and Livelihood अंग्रेजीमा भएको यहाँलाई सहर्ष जानकारी गराउँदछौं । जसलाई www.forestaction.org मा पनि हेर्न सकिने कुरा अवगत गराउँदछौं ।

**- सम्पादक**

# नेपाली भाषामा उपलब्ध प्राकृतिक स्रोत तथा सामुदायिक वन सम्बन्धी प्रकाशित सामाग्रीहरू

**सङ्कलक : जया लामिछाने**

| सि.नं. | पत्रिकाको नाम | प्रकाशक | पाइने ठाउँ/पुस्तकालय |
|---|---|---|---|
| ५५ | **संरक्षण समाचार** | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, फोन नं ०१-४२२०९१२ काठमाडौं, नेपाल |
| ५७ | **खाद्य सुरक्षा त्रैमासिक** | खाद्य सुरक्षाका लागि राष्ट्रिय सरोकार, समूह, नेपाल | खाद्य सुरक्षाका लागि राष्ट्रिय सरोकार, समूह, नेपाल |
| ५८ | **सहकार्य** | सहभागीमूलक क्षमता अभिवृद्धि कार्यक्रम | सहभागीमूलक क्षमता अभिवृद्धि कार्यक्रम, जावलाखेल, ललितपुर, फोन नं ०१ ५५३०९३० |
| ५९ | **भूमि अधिकार** | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौं | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौं फोन नं ०१ ४३६०४८६ |
| ६० | **जडीबुटी खेती समाचार पत्र** | गैरकाष्ठ वन पैदावार अनुसन्धान परियोजना | गैरकाष्ठ वन पैदावार अनुसन्धान परियोजना पार्डेप-नेपाल, धनकुटा फोन नं ०२६ २५०३७० काठमाडौं कार्यालय फोन नं ०१ ४२७२१८९ |
| ६१ | **सामुदायिक वन लेखमाला** | नेपाल वातावरण पत्रकार समूह, काठमाडौं | नेपाल वातावरण पत्रकार समूह, काठमाडौं फोन नं ०१-४२६१९९१ |
| ६२ | **तालिम खेल** | राष्ट्रिय तालिम स्रोत परिचालन केन्द्र, नेपाल | धुलिखेल तालिम केन्द्र धुलिखेल, काभ्रे फोन नं ०११ ६६४६४२ ईन्भाइरोमेन्टल रिसोर्स ईन्स्टिच्युट प्रा. लि . काठमाडौं फोन ०१-५५५०६३१ |
| ६३ | **महिला र प्रकृति** | हिमवन्ती क्षेत्रीय समिति | हिमवन्ती क्षेत्रीय समिति फोन नं. ०१ ५५४८२३१ ललितपुर, लेपाल |
| ६४ | **जडीबूटी खेती पुस्तिका** | जडीबूटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड | जडीबूटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, केन्द्रिय कार्यालय, काठमाडौं |
| ६५ | **चिराइतोको व्यावसायिक खेती तथा उत्पादन व्यवस्थापन** | श्रीमती वसुधा बराकोटी, मध्यपुर ठिमी नगरपालिका कौशलटार, भक्तपुर | नेपाल कृषि अनुसन्धान परिषद् कृषि अनुसन्धान केन्द्र फोन नं ०२६ ५२०३६५, ५२०३८१, पाखीबास, धनकुटा |
| ६६ | **सामुदायिक वन-आवाज** | सामुदायिक वन उपभोक्ता महासंघ  काठमाडौं, नेपाल | सामुदायिक वन उपभोक्ता महासंघ  काठमाडौं, नेपाल, फोन नं ४४८५२६३ |
| ६७ | **हरित कान्ति गिति क्यासेट** | सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखा काभ्रे | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल राष्ट्रिय कार्यसमिति, काठमाडौ तथा सम्पूर्ण जिल्लाशाखाहरु बनेपा, फोन नं ६६२८८६ |

(नोट :- सि.नं. १ देखि ५४ सम्मका सामाग्रीहरू अघिल्ला अङ्कहरूमा हेर्नुहोला ।)

## सन्दर्भ सामाग्री


[१] **श्री ५ को सरकार,** वन तथा भू-संरक्षण मन्त्रालय, वन विकास गुरुयोजना, २०४५ नेपाल,

[२] **नेपाल राजपत्र, २०५०, खण्ड ४३, अतिरिक्ताङ्क ५८**(क)

[३] **Nepal Biodiversity Strategy Implementation Plan** (2003 – 2008), HMG/N, MoFSC, GEF/UNDP (Draft, September, 2003), p.10

[४] **UNDP/GEF,** Biodiversity Planning Support Program, A Guide for countries Preparing National Biodiversity Strategies and Action Plans (http://www.undp.org/bpsp/)

[५] **HMG/N, GEF/UNDP,** Nepal Biodiversity Action Plan, 2000, p.164-169.

[६] **गाडगिल, एम. र साथीहरु** (२०००) - पिपुल्स बायो डाइभरसिटी एसेसमेन्ट ।

[७] **रगोस्टी ऐ -** (१९९९) मेथड्स इन एप्लाइड इथनोबोटनी, इसिमोड, काठमाडौं ।

[८] **पार्डेप नेपाल,** २०६०: जडीबुटी खेती समाचार पत्र अंक २, वर्ष २: अनुसन्धानका प्रारम्भिक नतिजाहरुको प्रसारणका लागि संक्षिप्त सामाग्रीहरु गैर काष्ठ वनपैदावार अनुसन्धान परियोजना/गरिबी निवारण तथा ग्रामीण विकास कार्यक्रम (पर्डेप नेपाल), धनकुटा, नेपाल